जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ११३ पृष्ठः ४ | २०८२ भदौ ०४ गते बुधबार (Wednesday 20 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बल्ल फुकुवा भयो लहानको सिंगो गाउँको जग्गा




सिरहा, ३ भदौ। सिरहाको लहान नगरपालिकाका सम्पूर्ण गाउँ ब्लक जग्गासम्बन्धी समस्या समाधान हुने भएपछि स्थानीय खुसी भएका छन्। भूमिसुधारमन्त्री बलराम अधिकारीले गत साता मन्त्रीस्तरीय निर्णय गरेर भूमि व्यवस्थापन तथा अभिलेख विभागमार्फत मालपोत र नापी कार्यालय लहानमा ६ बुँदे निर्देशन पठाएका हुन्।

केही महिनादेखि मालपोत कार्यालयविरुद्ध गाउँ ब्लक जग्गाको सम्पूर्ण फुकुवा माग गर्दै स्थानीयवासी आन्दोलित भएका थिए। वार्तापछि मन्त्रालयसँग मालपोत कार्यालयले निर्देशन माग गरेका थिए। निर्देशन आएपछि काम अगाडि बढ्ने विश्वास बढेको संघर्ष समितिका संयोजक अरुण केसीले बताए। उनले २४ वटै वडामा समिति गठन गरी चरणबद्ध रूपमा आन्दोलन गरिरहेका थिए।

'हामीलाई जग्गा फुकुवा भएर खुसी महसुस भएको छ। अब बाँकी काम र कार्यान्वयनमा लग्ने काम मालपोत कार्यालयको जिम्मेवारी मुख्य हो। त्यसका लागि पनि नियमित फलोअपमा रहन्छौं,' संयोजक केसीले भने, 'गाउँ ब्लक जग्गाको समस्याले यहाँका ८ हजारभन्दा बढी घरपरिवार मर्कामा थिए। अब समस्या समाधान भएपछि खुसी लागेको छ।' विभिन्न राजनीतिक दल, मेयर महेश चौधरी, प्रमुख जिल्ला अधिकारी सबैको सहयोग र समन्वयमा समस्या समाधान हुन लागेको उनको भनाइ छ।

गाउँ ब्लक जग्गाको समस्याले गर्दा यहाँका हजारौं परिवारमा पीडित भएको नेपाली कांग्रेस नगर सभापति सञ्जय यादवले बताए। 'वर्षौंदेखि नापी कार्यालयबाट जग्गाको पुर्जा पाएको छ। मालपोतले कार्यान्वयन नगर्दा न त्यो धितो राख्न पाएको छ न त बेचेर केही गर्जो टार्न सकिरहेको छ,' उनले भने, 'जग्गाको नाउँमा गाउँ ब्लक जग्गा मात्रै भएको परिवार झन् पीडामा छ। उनीहरूले केही नभए सम्पति बेचेर उपचार र छोराछोरी पढाउँथ्यो। त्यो पनि गर्न पाएको छैन।' मालपोत कार्यालय इमानदारपूर्वक कार्यान्वयन लगेर जनतालाई सहज बनाउनपर्ने उनले बताए।

नापी कार्यालय लहानका अनुसार ०७५ सालदेखि हालसम्मा पहिलो चरणमा वडा नम्बर १, ४, ५, ६, ७, ८, ९ र १० को स्रेस्ता मालपोत कार्यालयमा बुझाइएको छ। त्यसपछि वडा नम्बर १३, १४, ११, १२, १९, २२ र १५ बुझायौं। वडा नम्बर २३ र २४ को नापी भएर

–बाँकी तीन पेजमा

## सञ्चालनमा आउन सकेन गाडिएका डिप बोरिङ्ग

**जीवछ यादव**

लहान, ३ भदौ। सिरहा जिल्लामा गाडिएका ४३३ डिप बोरिङ्गमध्ये आधाभन्दा बढी सञ्चालनमा आउन नसकको कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ। ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार गोलबजार नगरपालिकामा गाडिएमा १५४ मध्ये ३२ वटा सुचारु नभएको, धनगडीमाई नगरपालिकामा २४ मध्ये १७ वटा नचलेको, भगवानपुर गाउँपालिकामा ७ मध्ये ५ वटा नचलेको, नवराजपुर गाउँपालिकामा ७ मध्ये ५ वटा नचलेको, कर्जन्हा नगरपालिकामा २८ मध्ये १६ वटा नचलेको, विष्णुपुर गाउँपालिकामा ५ मध्ये ३ नचलेको, सखुवानन्कारकटि गाउँपालिकामा गाडिएका १० मध्ये कुनै पनि सुचारु नभएको, बरियारपटि गाउँपालिकामा १७ मध्ये १० वटा सञ्चालनमा आएको छैन।

यसैगरी, मिर्चैया नगरपालिकामा ३३ मध्ये २४ वटा, अर्नमा गाउँपालिकामा १५ मध्ये १४, सिरहा नगरपालिकामा २६ मध्ये १५, कल्याणपुर नगरपालिकामा रहेको एक, लक्ष्मीपुर पतारी गाउँपालिकामा २१ मध्ये कुनै पनि चालु नरहेको, सुखीपुर नगरपालिकामा १० मध्ये कुनै पनि नचलेको, नरहा गाउँपालिकामा ४१ मध्ये ३२ वटा नचलेको र लहान नगरपालिकामा १६ मध्ये १३ वटा नचलेको अवस्था रहेको महासेठले जानकारी दिनुभयो।

कतिपय पालिकाहरुमा डिप बोरिङ् जडान भएको ३० वर्ष नै पुगेको भए पनि विद्युत् ट्रान्सफर्मर जडान नगरिएको, पाइपलाइन नओछ्याइएको र समिति गठन गर्न नसकेका कारण सञ्चालनमा

–बाँकी तीन पेजमा




## पत्रकारमाथि दुर्व्यवहार गर्ने उपमेयरको छोराविरुद्ध पक्राउ पुर्जी जारी

रौतहट, ३ भदौ। फतुवा विजयपुर नगरपालिकामा भएको अनियमितता र भ्रष्टाचार सम्बन्धी समाचार लेख्ने पत्रकारमाथि गरिएको दुर्व्यवहार प्रकरणमा उपमेयर (कावा मेयर) अम्बेया खातुनका छोरा मोहम्मद सनाउल्लाहविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। इलाका प्रहरी कार्यालय विजयपुरको अनुरोधमा जिल्ला अदालत रौतहटले सोमबार सनाउल्लाहलाई पक्राउ गर्न आदेश दिएको इन्स्पेक्टर सुरेन्द्र यादवले जानकारी दिएका छन्। पत्रकार कृष्ण तिवारीमाथि गत साउन ३० गते नगरसभा कार्यक्रममा सहभागी हुन जाने क्रममा सन्तपुर चौक नजिकै रोकेर सनाउल्लाह द्वारा दुर्व्यवहार गरिएको थियो।

पीडित तिवारीले दिएको जाहेरी पछी रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीको निर्देशनमा इलाका प्रहरी कार्यालय विजयपुरले घटनाको अनुसन्धान गरी गत आइतबार कावा मेयर पुत्र सनाउल्लाहमाथि केही अभद्र मुदा दर्ता गरेको थियो। इलाका प्रहरी कार्यालय बिजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादवले कावा मेयर खातुनको छोरा सनाउल्लाह लाई खोजतलास गरी पक्राउ गर्न प्रहरीको छुट्टै टोली परिचालन गरिएको जानकारी दिएका छन्।

**प्रेस चौतारीको विरोध**

प्रेस चौतारी नेपाल, रौतहट शाखाले घटनाप्रति घोर आपत्ति जनाउँदै विज्ञप्ति जारी गरेको छ। चौतारीले पत्रकारमाथि अंकुश लगाउने, अपशब्द प्रयोग गर्ने र

–बाँकी दुई पेजमा

**इ-सिगरेट प्रयोग नगरौं,**
**सुरक्षित र स्वस्थ्य रहौं।**

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकीरक हुन्छ

**त्यसैले:**

- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,
- स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खडेरीपछि सिरहामा रोपाइँको उत्साहजनक प्रगति

सिरहा जिल्लामा लामो समयको खडेरीपछिको रोपाइँको गति हेर्दा, प्राकृतिक प्रतिकूलतालाई चिर्दै किसानको अठोट र मौसमको साथले सकारात्मक परिणाम दिन थालेको प्रस्ट देखिन्छ। कृषि ज्ञान केन्द्र सिरहाको तथ्यांक अनुसार साउनको अन्त्यसम्म ८८ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ भने अब केही दिनभित्र बाँकी रोपाइँ पनि सकिने छ। साउन दोस्रो सातासम्म ४५ प्रतिशतमा सीमित रोपाइँ, साउनको तेस्रो साताबाट सुरु भएको वर्षाले तीव्र गतिमा अगाडि बढ्यो। प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार यो परिवर्तनमा किसानको सक्रियता र साउनको अन्त्यतिरको अनुकूल मौसम मुख्य कारण हुन्। खासगरी साउन १५ गतेअघि गरिएको रोपाइँबाट राम्रो उत्पादन हुने अपेक्षा गरिएको छ, भने त्यसपछि गरिएको रोपाइँमा उत्पादन केही ह्रास हुने सम्भावना रहेको जानकारी उनले दिएका छन्।

खडेरीको समयमा पानी अभावले अधिकांश किसानले रोपाइँ सुरु गर्न सकेनन्। यद्यपि, कमला नहर र भूमिगत सिँचाइ प्रणालीले केही क्षेत्रमा प्रारम्भिक रोपाइँ सम्भव बनायो। कमला नहरबाट करिब १२,५०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ। कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा, सुखीपुर नगरपालिकाका साथै विष्णुपुर र औरही गाउँपालिकाका किसानहरू यस सुविधाबाट लाभान्वित भएका छन्।

सिरहामा कुल ५४,००० हेक्टर क्षेत्रफलमा धानखेतीयोग्य जमिन रहेको छ। यहाँ धान प्रमुख बाली हो र प्रत्येक वर्ष लगभग यस्तै परिमाणमा बर्खे धानखेती गरिन्छ। यद्यपि, यस वर्षको प्रारम्भिक ढिलाइले उत्पादनमा केही असर पर्ने अनुमान गरिएको छ। तथापि, समग्रमा हेर्दा साउन अन्त्यसम्म आइपुग्दा रोपाइँले लिएको गति उल्लेखनीय छ।

जिल्लाको उत्तरी क्षेत्रमा अत्यधिक खडेरीका कारण केही ठाउँमा रोपिएको धान नै सुक्नु परेको यथार्थ दुःखद छ। तर दक्षिणी क्षेत्र भने तुलनात्मक रूपमा सुरक्षित रहेको कृषि ज्ञान केन्द्रको भनाइ छ। कृषि ज्ञान केन्द्रले सबै १७ स्थानीय तहसँग समन्वय गरी तथ्यांक संकलन गरेको र यस्ता समन्वयात्मक प्रयासहरू नीतिनिर्माण र आगामी योजनाका लागि महत्वपूर्ण आधार बन्न सक्छन्।

अब, जब बाँकी २ प्रतिशत रोपाइँ पनि भदौको पहिलो सातासम्म सकिने अपेक्षा गरिएको छ, जिल्लामा करिब ९० प्रतिशत रोपाइँ पूरा हुने आंकलन आशालाग्दो छ। यो वर्षको अनुभवले जलस्रोत व्यवस्थापन, कृषि सहजीकरण, तथा विपद् सामना गर्ने क्षमतामा सुधार आवश्यक रहेको सन्देश दिन्छ।

### पत्रकारमाथि...

आक्रमण गर्ने प्रयासलाई प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य–मान्यतामाथि गरिएको प्रहार भनेको छ। सचिव मुकेश कुमार साहद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, "पत्रकारलाई धम्की र आक्रमण गर्ने व्यक्तिमाथि कडा कानुनी कारबाही नगर्ने हो भने यस्ता घटना दोहोरिन सक्छन्।"

**अनियमितता उजागरपछि दुर्व्यवहार**

महालेखा परीक्षकको प्रतिवेदनले नगरपालिकामा इन्धन र यातायात खर्चमा अनियमितता भएको प्रस्ट्याएको थियो। सो प्रतिवेदनकै आधारमा पत्रकार तिवारीले समाचार लेखेका थिए। तर समाचार सार्वजनिक भएपछि कावा मेयर खातुनका छोराले पत्रकारमाथि दुर्व्यवहार गरेको चौतारीले आरोप लगाएको छ। नेपालमा पछिल्ला वर्षहरूमा स्थानीय तहमा भएको भ्रष्टाचार र अनियमितता सम्बन्धी समाचार लेख्ने पत्रकारहरू धम्की, दबाब र आक्रमणमा पर्नु सामान्य जस्तै बन्दै गएको छ। विज्ञप्तिमा भनिएको छ, "पत्रकारिता चौथो अंग मात्र नभई लोकतन्त्रको मेरुदण्ड हो भन्ने तथ्यलाई बेवास्ता गर्दै समाचार लेख्ने कर्मीमाथि आक्रमण हुनु लोकतन्त्रकै लागि गम्भीर चुनौती हो।"

**नगरको अस्तव्यस्त अवस्था**

२०७९ सालको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट गोपाल प्रसाद यादव मेयर र अम्बेया खातुन उपमेयर निर्वाचित भएका थिए। तर तत्कालीन मेयर यादव विशेष अदालतबाट दोषी ठहरिएपछि खातुन कार्यवाहक बनेकी थिइन्। त्यसयता उनका श्रीमान् महमद सेराजको हस्तक्षेपले नगरको सम्पूर्ण कारोबार अस्तव्यस्त भएको भन्दै जनप्रतिनिधिहरू स्वयं गुनासो गर्दै आएका छन्।

# गौर हत्याकाण्ड : उपेन्द्र यादवसहित १३० जनामाथि अनुसन्धानको बाटो खुला

रौतहट, ३ भदौ। १८ वर्षअघि रौतहटमा भएको भयानक हत्याकाण्डको फाइल फेरि जाग्ने भएको छ। गौरको राइस मिलमा माओवादीले गरेको सभामा तत्कालीन मधेशी जनअधिकार फोरमका कार्यकर्ताले हिंस्रक हमला गर्दा २७ जना मारिएका थिए। तर, राजनीतिक दाउपेचमा दब्दै आएको यो घटनाको छानबिन प्रतिवेदन बाहिर ल्याउन र आरोपीमाथि अनुसन्धान गर्न सर्वोच्च अदालतले परमादेश दिएको छ। योसँगै तत्कालीन फोरम (हाल जसपा नेपाल) का अध्यक्ष उपेन्द्र यादवसहित १३० जनामाथि अनुसन्धान हुनेछ।

सत्ता र शक्तिको प्रभावमा घटनाको अनुसन्धान नभएको भन्दै मृतक परिवारका तर्फबाट रूपसागर उपाध्याय, रुपैया खातुन, विक्रम पटेल र घाइते त्रिभुवन साह सर्वोच्च पुगेका थिए। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले तत्काल अनुसन्धान अघि बढाउन भनेको छ। अब पीडितले दिएको जाहेरी तथा राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनअनुसार उनीहरूमाथि अनुसन्धान अघि बढ्नेछ। ७ चैत २०६३ मा गौरस्थित राइस मिलमा फोरम र माओवादीले एकै स्थानमा मञ्च बनाएर कार्यक्रम गर्दा झडप भएको थियो। घटनामा ५ महिलासहित २७ माओवादी कार्यकर्ताको ज्यान गएको थियो भने ४२ जना घाइते भएका थिए। मृतकका परिवारले राज्यबाट १० लाखका दरले क्षतिपूर्ति पाएका छन् तर अनुसन्धान नभएको र दोषीमाथि कारबाही नभएको भन्दै परिवारजन सर्वोच्च पुगेका हुन्।

सर्वोच्चले पूर्णपाठ भने सार्वजनिक गरेको छैन। संक्षिप्त आदेश मात्र जारी गरेकाले जाहेरीमा टेकेर अनुसन्धान अघि बढाउन पूर्णपाठ वा सर्वोच्चको पत्र पर्खनुपर्ने हुन्छ। प्रहरीले चाहेमा भने तत्काल जाहेरीलाई आधार मानेर अनुसन्धान अघि बढाउन सक्नेछ। यसअघि कांग्रेस नेता मोहम्मद आफताब आलमसम्बन्धी रिटमा सर्वोच्चको परमादेशपछि अनुसन्धान सुरु भएको थियो। इँटाभट्टामा जिउँदै जलाएर व्यक्तिहत्या गरेको अभियोगमा आलमलाई अदालतको आदेशपछि पक्राउ गरेर प्रहरीले अनुसन्धान गरेको थियो भने अदालतमा कर्तव्य ज्यानसहितको मुद्दा दायर भएको थियो।

सर्वोच्चको आदेशपछि मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी उमा चतुर्वेदीले अदालतको आदेश पालना गर्दै अनुसन्धान प्रक्रिया अघि बढाउने बताए। 'जिल्ला प्रहरीले मुद्दाको प्रक्रिया कहाँसम्म अघि बढाएको छ भन्ने हेर्छु। कानुनसम्मत तरिकाले प्रक्रिया अघि बढाउँछौं,' उनले भने, 'परमादेशको आदेश जिल्ला प्रहरीमा आउनासाथ प्रक्रिया अघि बढाउँछौं।'

रौतहटका जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले सर्वोच्चको आदेश पालना गर्दै गौर घटनाको अनुसन्धान अगाडि बढाउने बताए। 'अहिलेसम्म प्रक्रिया कहाँ पुग्यो भन्ने हेर्न बाँकी छ, अदालतको आदेशपछि अनुसन्धान सुरु गर्छौं,' उनले भने, 'यसमा के कसो भएको हो, सत्यतथ्य छानबिन गर्छौं।'

सर्वोच्चको आदेशपछि न्यायको आशा पलाएको रिट निवेदक त्रिभुवनले बताए। 'बल्ल अनुसन्धानको बाटो खुलेको छ। अब न्याय पाउँछौं भन्ने आशा जागेको छ,' उनले भने। घटनामा संलग्नलाई कारबाहीको माग राख्दै जिल्ला प्रहरीमा जाहेरी दिँदा पहिले आनाकानी भएको र ५१ दिनपछि २८ वैशाख २०६४ मा १ सय १३ जनाविरुद्ध जाहेरी दर्ता भएको उनले बताए। 'जाहेरी दर्ता त भयो तर प्रहरीले माथिको आदेश छैन भनेर त्यत्तिकै थन्काएर राख्यो,' उनले भने, 'त्यसपछि गौर हत्याकाण्ड संघर्ष समिति गठन गरेर जिल्ला प्रशासनमा बर्सेनि ज्ञापनपत्र बुझाउँदै आएका थियौं।' गौर घटनामा बहिनीको हत्या भएपछि न्यायका लागि भौँतारिरहेका चन्द्रपुर–१ का राजु परियारले सर्वोच्चको आदेशले न्याय पाउनेमा आशावादी भएको सुनाए। 'सर्वोच्चले अनुसन्धान गर्न आदेश गरेको भन्ने सुनें, अब दोषीलाई कारबाही हुनुपर्छ,' उनले भने, 'यो काम अब चाँडो हुनुपर्छ। अनुसन्धानमा जति ढिला भयो, त्यति प्रमाण नष्ट हुन सक्छ।'

**के थियो गौर घटना ?**

७ चैत २०६३ मा गौरस्थित राइस मिल्स चौरमा मधेशी जनअधिकार फोरमले आमसभा आयोजना गरेको थियो। माओवादीनिकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले पनि सोही स्थलमा कार्यक्रम राखेको थियो। कार्यक्रमका लागि दुवै पक्षले एक सय मिटरको दूरीमा मञ्च बनाएका थिए। फोरमले मैदानको दक्षिण र माओवादीले उत्तरको कुनामा अघिल्लो दिन नै मञ्च बनाएका थिए।

कार्यक्रमअघि दुवै दलले प्रचार थालेपछि स्थानीयले झडप हुन सक्ने अनुमान गरेका थिए। स्थानीय प्रशासन र प्रहरीले एकै स्थलमा कार्यक्रम रोक्न आग्रह गरे पनि दुवै दलले मानेका थिएनन्। माओवादी फोरमलाई सभा गर्न नदिने पक्षमा थियो भने फोरम सभा गरेरै छाड्ने अडानमा थियो।

७ गतेको बिहान ११ बजे फोरमको जुलुस नगर परिक्रमा गरेर कार्यक्रमस्थल पुगेको थियो। पौने २ बजे माओवादीले पनि नगर परिक्रमाबाट ऱ्याली सुरु गरेको थियो। कार्यक्रमका लागि दुवै दलले गाउँ–गाउँबाट कार्यकर्ता ल्याएका थिए। फोरमले प्रमुख अतिथिका रूपमा नेता उपेन्द्र यादवलाई बोलाएको थियो। माओवादी कार्यक्रमको नेतृत्व तत्कालीन जिल्ला इन्चार्ज प्रभु साह गरेका थिए। तर दुवै नेता मञ्चमा आएनन्।

माओवादीले नगर परिक्रमा गरिरहँदा सभाका लागि निर्माण गरेको मञ्चमा फोरमका कार्यकर्ताले तोडफोड र आगजनी सुरु गरे। त्यत्तिकैमा माओवादीको वाईसीएल समूह मैदान प्रवेश गऱ्यो। आफ्नो मञ्च भत्किएको देखेपछि उनीहरू पनि फोरमका कार्यकर्तामाथि आक्रामक शैलीमा प्रस्तुत भए, जसले दोहोरो झडपको अवस्था सिर्जना भयो।

दुवैतर्फबाट लाठी र गोली हानाहानसमेत भयो। सभामा सइको कमान्डमा १० जना मात्र प्रहरी तैनाथ गरिएको थियो। गोली चल्न थालेपछि परिस्थिति प्रहरीको नियन्त्रण बाहिर पुगेको थियो। मैदान एकैछिनमा रणभूमि बन्यो। माओवादीका कार्यकर्ताहरूलाई भाग्ने क्रममा गौडा कुरेर बसेका फोरम कार्यकर्ताले बाँसको फराठा (भाटा) प्रहार गरी आक्रमण गरे। आक्रमणमा ज्यान गुमाउनेहरूको शव नालीमा फालिएको थियो।

नेपाल रेडक्रस र प्रहरी टोलीले धेरैजसो शव नालीबाट निकालेको थियो। तत्काले गौर अस्पताल ल्याइएका घाइतेमाथि पनि फोरमका कार्यकर्ताले आक्रमणको प्रयास गरेका थिए। अबेर साँझसम्म झडप कायमै रहेपछि जिल्ला प्रहरीले कर्फ्युसमेत लगाएको थियो। घटनामा ५ महिलासहित २७ माओवादी कार्यकर्ताको ज्यानको गएको थियो भने ४२ जना घाइते भएका थिए।

तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष यादवले गौर घटनामा माओवादीविरुद्ध स्थानीयले प्रतिकार गर्दा झडप भएको दाबी गर्दै आएका छन्। माओवादीबाट तत्कालीन समयमा सभाको नेतृत्व गरेका (हाल आम जनता पार्टीका अध्यक्ष) प्रभु साहले भने जानाजान हत्या गरिएकाले अनुसन्धान गरी मुद्दा दायर हुनुपर्ने माग उठाउँदै आएका छन्।

**न्यायाधीशको नेतृत्वमा छानबिन समिति गठन तर प्रतिवेदन गोप्य**

गौर हत्याकाण्डको निष्पक्ष छानबिन हुनुपर्ने माग उठेपछि ९ चैत २०६३ मा सरकारले पुनरावेदन अदालत (हाल उच्च) पाटनका तत्कालीन न्यायाधीश हरिप्रसाद घिमिरेको संयोजकत्वमा उच्चस्तरीय न्यायिक छानबिन टोली गठन गरेको थियो। टोलीमा जिल्ला अदालत जुम्लाका तत्कालीन न्यायाधीश अनन्त डुम्रे, न्यायाधिवक्ता टीकाबहादुर हमाल, तत्कालीन प्रहरी नायब महानिरीक्षक रमेश चन्द राष्ट्रिय सतर्कता केन्द्रका तत्कालीन कामु प्रमुख राम सरबर दोबेसमेत थिए। समितिले प्रतिवेदन तयार गरे पनि सार्वजनिक नै नगरी गोप्य राखिएको थियो।

यस्तै, २२ पुस २०७९ मा राष्ट्रिय मानवअधिकार आयोगले गौर घटनाको अनुसन्धान गर्दै प्रतिवेदन सार्वजनिक गरेको थियो। आयोगले उक्त घटनालाई जघन्य अपराध ठहर गरेको थियो भने दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिन सिफारिस गरेको थियो। आयोगको १९ पुस २०७९ मा बसेको बैठकले उक्त घटना नियोजित, मनसाययुक्त र क्रूर भएको निष्कर्ष निकालेको थियो।

मानवअधिकार आयोगले घटना हुनुमा तत्कालीन नेकपा माओवादीको भातृ संगठन मधेशी मुक्ति मोर्चा र मधेशी जनअधिकार फोरमको तिक्ततापूर्ण र प्रतिशोधी व्यवहार जिम्मेवार रहेको ठहर गरेको थियो। 'यस्तो व्यवहारबारे दुवै पक्षका नेतृत्व तह पूर्ण रूपमा गम्भीर हुन नसकेको देखियो,' आयोगको प्रतिवेदनमा भनिएको छ।

घटनामा मधेशी जनअधिकार फोरमका तत्कालीन अध्यक्ष यादव र रौतहटका फोरम कार्यकर्ताहरू तथा माओवादीको भ्रातृसंगठन मधेशी मुक्ति मोर्चाका तत्कालीन महासचिव प्रभु साह एवं पूर्व जनसरकार प्रमुख विन्देश्वर यादवलगायत दुवै दलका नेतृत्वबाट घटनालाई रोक्ने सन्दर्भमा कुनै पहल हुन नसकेको पनि आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ।

आयोगले जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख प्रहरी उपरीक्षक योगेश्वर रोमखामी र तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक धर्मानन्द सापकोटा र नायब उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामा नै बहाल रहेको अवस्था भए विभागीय कारबाही गर्न सिफारिससमेत गरेको थियो। सेवानिवृत्त भएको अवस्था भएमा आगामी दिनमा राज्यका तर्फबाट कुनै पनि थप अवसर प्रदान नगर्नसमेत आयोगले भनेको थियो।

**गृह मन्त्रालयको पत्र तर भएन अनुसन्धान**

१० भदौ २०८० मा गौर घटना छानबिनका लागि गृह मन्त्रालयले प्रहरीलाई पत्राचार गरेको थियो। पीडितहरूले दोषीलाई कारबाहीको माग गर्दै काठमाडौंमा प्रदर्शन गरेपछि सरकारले अनुसन्धान गर्न भनेको थियो। २३ साउनमा पीडित र गृह मन्त्रालयबीच सहमति भएको थियो र त्यसमै टेकेर दोषीमाथि कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिइएको थियो। मन्त्रालयले पत्र पठाए पनि रौतहटमा अनुसन्धान भने भएन। त्यसपछि पीडितहरूले सर्वोच्चमा रिट दायर गरेका थिए।

३० जेठ २०८० मा तत्कालीन न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलासले मानवअधिकार आयोगदेखि अन्य फाइल मगाउने आदेश गरेको थियो। उक्त आदेशपछि १२ वैशाख २०८१ मा न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले कारण देखाऊ आदेश जारी गरेको थियो।

–बाँकी तीन पेजमा

# नवराजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### नवराजपुर, सिरहा
**मधेश प्रदेश, नेपाल**

## सूची दर्ता सम्बन्धि सूचना !

**मिति : २०८२।०५।०३**

यस कार्यालयमा आ. व. २०८२/०८३ को लागि आवश्यक नियमानुसार सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनि एवं संस्थाहरुबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ६क र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (संसोधन सहित) मा भएको व्यावस्था अनुसार छुट्टाछुट्टै सूची (Standing List) दर्ताको लागि यस कार्यालयमा दरखास्त दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. मसलन्द तथा कार्यालय संचालन सामग्रीहरु,
२. छपाई सम्बन्धि कार्यहरु,
३. सवारी साधन मर्मत तथा आपूर्ति तथा सो सम्बन्धि सामानहरको आपूर्ति,
४. भवन निर्माण तथा मर्मत सम्बन्धि कार्यहरु,
५. निर्माण तथा मर्मत (धारा, बिजुली समेत) रंगरोगन तथा सरसफाई सम्बन्धि कार्यहरु,
६. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामानहरुको आपूर्ति तथा मर्मत सम्बन्धि कार्यहरु,
७. फर्निचर आपूर्ति तथा मर्मत सेवा,
८. गाडी भाडा तथा सामान ढुवानी सम्बन्धि सेवा,
९. सार्वजनिका अचल सम्पत्ति मर्मत सम्भार सम्बन्धि कार्यहरु,
१०. स्यानेटरी तथा पम्पीङ्क सामान तथा मर्मत सेवाहरु,
११. सुचना प्रबिधि सम्बन्धि विभिन्न परामर्श सेवाहरु।

**दरखास्त साथ पेश गर्नपर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाणपत्रको छायाँ प्रति,
२. स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको छायाँ प्रति (मु.अ. कर दर्ता हुनुनपर्नेको हकमा सो को आधिकारिक कागजातको छायाँ प्रति),
३. आ. व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको छायाँ प्रति,
४. अनिसुची २ बमोजिमको निवेदन।

**प्राप्त दस्तखत स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# चुरेको पानी चुरे क्षेत्रमै रोक्न स्थलगत अवलोकन

**विजयकुमार साह**

ढल्केबर, ३ भदौ। धनुषाको मिथिला नगरपालिकाका जनप्रतिनिधि तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यान्वयन एकाइ ढल्केबरका प्राविधिक टोलीले मंगलबार पानीको स्रोत चुरे क्षेत्रको स्थलगत अवलोकन गरेका छन्। चुरेको पानी चुरे क्षेत्रमा रोकेर जमिनमुनि जल पुनःभरण गर्ने उपाय खोज्नका लागि मिथिला नगरपालिकाभित्र पर्ने चुरे क्षेत्रको स्थलगत अवलोकन गरिएको हो।

कार्यान्वयन एकाइका प्रमुख प्रेमीप्रसाद साहले खोलाबाट बगेर खेर गइरहेको पानीलाई जमिनमुनि जल पुर्नभरण गर्ने उपाय खोज्ने उद्देश्यले औहरी र बसही खोलाको मुहान क्षेत्रसम्म अवलोकन गरिएको बताउनुभयो। भौगोलिक र प्राविधिक दृष्टिले उपयुक्त स्थानमा चेक ड्याम निर्माण गर्न सकिने बताउँदै उहाँले यसका लागि वन मन्त्रालय र विज्ञ समूहको थप अध्ययन पश्चात निर्माण प्रक्रिया अघि बढाउने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "यस वर्ष लामो खडेरीका कारण तराईमा जमिनमुनिको पानी तल पुगेको छ। जसले गर्दा चापाकल, इनार र स्यालो ट्युबवेलबाट पानी आउन छाडेको छ।" खेत सिँचाइमा पनि समस्या देखिएको छ। यदि चुरे क्षेत्रमा चेक ड्यामलगायतका संरचना निर्माण गरी बगेर जाने पानी रोक्न सकियो भने जमिनमुनि पुनःभरण हुन्छ र भूमिगत पानीको सतह माथि आउने प्रमुख साहको भनाइ छ। मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले वर्षाको पानी चुरे क्षेत्रमा रोक्ने उपायका लागि निरन्तर पहल गर्दै आएको बताउनुभयो। उहाँले पालिकाको तर्फबाट सक्दो सहयोग गर्ने बताउँदै चुरेबाट उत्पत्ति भएको खोलाहरुमा चेक ड्याम निर्माण गरेर बगेर खेर गइरहेको पानीलाई जमिनमुनि पठाउन सकियो भने अहिले देखिएको पानीको सङ्कटमा सुधार हुने जानकारी दिनुभयो।

कार्यान्वयन एकाइका प्राविधिक रामईश्वर साहले औरही खोलामा चार र बसही खोलाको दुई स्थानमा चेक ड्याम निर्माण गर्न प्रारम्भिक ठाउँ छनोट गरिएको बताउनुभयो। थप अध्ययनपश्चात् भौगोलिक तथा प्राविधिक हिसाबले उचित हुने स्थानमा चेक ड्याम निर्माणका लागि प्रक्रिया अगाडि बढाउने उहाँले जानकारी दिनुभयो। वर्षाको पानी चुरे क्षेत्रमा रोक्नुको विकल्प नभएको बताउँदै यसले जमिनमुनि पानीको भण्डारण बढ्ने जानकारी दिनुभयो।

# महोत्तरीमा ५१० किलो मरिच बरामद

महोत्तरी, ३ भदौ। महोत्तरीको मटिहानीबाट प्रहरीले ५१० किलो मरिचसहित १ जनालाई नियन्त्रणमा लिएको छ। मंगलबार मटिहानी नगरपालिका–३ मा मधेश प्रदेश ०१–०१ स ४२९१ नम्बरको अटोलाई चेक गर्दा उक्त परिमाणको मरिच बरामद भएको हो। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार उक्त अटोमा १७ बोरा मरिच लोड गरी नेपालतर्फ ल्याउँदै गर्दा प्रहरीले नियन्त्रणमा लिएको हो।

पक्राउ परेका गाडी चालक मटिहानी नगरपालिका–७ का दिलीप खत्वे रहेको प्रहरी प्रवक्ता एवम् डीएसपी शैलेन्द्रकुमार भट्टले जानकारी दिए। बरामद भएको उक्त मरिच र अटे तथा चालक जिल्ला प्रहरी कार्यालय महोत्तरीको नियन्त्रणमा रहेको र आवश्यक अनुसन्धान भइरहेको डीएसपी भट्टले बताए।

## *गौर हत्याकाण्ड ...*

त्यसपछि करिब एक वर्ष यो रिटको पेसी सर्दै आएको थियो। रिटमा रौतहट प्रहरी, सरकारी वकिल कार्यालय, प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालयलगायतलाई विपक्षी बनाइएको थियो। सोमबार सबै निकायका नाममा सर्वोच्चले परमादेश जारी गरेको हो।

**घटना विवरण**

७ चैत २०६३ मा रौतहटको गौरमा माओवादीले गर्न लागेको सभामा तत्कालीन मधेशी जनअधिकार फोरमका कार्यकर्ताले हमला गर्दा २७ जना मारिएका थिए। पीडित परिवारका तर्फबाट फोरम अध्यक्ष उपेन्द्र यादवसहित १३० जनाको नाममा जाहेरी परेको थियो। तर, सत्ता गठबन्धनमा फोरम पनि निर्णायक शक्तिका रूपमा उदाएपछि माओवादीले समेत अनुसन्धानलाई महत्त्व दिएको थिएन। पूर्वन्यायाधीश हरिप्रसाद घिमिरेको नेतृत्वको छानबिन समितिले दिएको प्रतिवेदनसमेत १८ वर्षसम्म गोप्य राखिएको थियो।

**अलपत्र अनुसन्धान**

पीडित पक्षले माग उठाउँदा आपराधिक अनुसन्धानको पक्षमा र फोरमले आन्दोलन गर्दा राजनीतिक घटनाक्रम बनाउने गरी सरकारले पटक–पटक सम्झौता गर्दै आएको थियो। अनुसन्धानमा सरकारको अनिच्छा भए पनि पीडित र मानवअधिकारवादी संस्थाहरूले भने 'निष्पक्ष न्याय' को माग गर्दै निरन्तर दबाब दिइरहे। राष्ट्रिय मानवअधिकार आयोगले घटनामा निष्पक्ष छानबिन गर्न पटक–पटक सरकारलाई निर्देशन दिएको हो। तर, प्रहरीले भने 'माथिको आदेश छैन' भन्दै फाइल थन्काउने गरेको आरोप छ।

**अब सम्भावित प्रभाव**

सर्वोच्चको आदेशपछि यो विषयमा अनुसन्धान अघि बढाउनैपर्ने बाध्यता सिर्जना भएको छ। सर्वोच्चले कुनै व्यक्ति विशेषको नाम लिएको छैन। आरोपी सबैमाथि निष्पक्ष अनुसन्धान गर्न भनेकाले तत्कालीन फोरम (हाल जसपा नेपाल) का अध्यक्ष उपेन्द्र यादवसहित १३० जनामाथि नै अनुसन्धान हुनेछ। पीडित परिवारका प्रतिनिधि त्रिभुवन साहको भनाइ छ, 'न्याय नपाएर जीवन बिताउनुपर्‍यो। तर, सर्वोच्चको आदेशपछि कम्तीमा सत्य बाहिर आउने आशा पलाएको छ।' (कान्तिपुरबाट)

## *सञ्चालनमा आउन ...*

आउन नसकेको ज्ञानकेन्द्र सिराहाका प्रमुख महासेठले प्रष्ट्याउनुभयो। मधेशलाई सुख्खाग्रस्त घोषणा गरेपछि मधेशमा सिँचाइको प्रबन्धका लागि पाँच सय डिप बोरिङ् जडान गरिने मधेशको भ्रमण गरिने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरेपछि सिरहामा गाडिएका डिप बोरिङको तथ्याङ्क संकलन गर्दा यस्तो पाएको प्रमुख महासेठले प्रष्ट्याउनुभयो।

स ख ु वा न ् का र क टी गाउँपालिका–३ महदेवा गाउँमा डिप बोरिङ् जडान भएको ३२ वर्ष पुग्यो। जडानका लागि किसानले कैयन् पटक आवाज उठाउँदा पनि जडान नभएको स्थानीय किसान तिरपित यादवले सुनाउनुभयो। एउटा डिप बोरिङबाट दस बिघामा सिँचाइ गर्न जति पनि पुग्ने भएकाले पुराने डिप बोरिङलाई सुचारु गर्न लागि परेको धनगडीमाई नगरपालिका प्रमुख शिवशंकर महतोले बताउनुभयो।

सिरहामा यस वर्ष ८८.१७ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। विगत वर्षहरुमा ९६ प्रतिशतसम्म रोपाइँ भएको सिरहामा दक्षिणी भेगको तुलनामा उत्तरी भेगमा रोपाइँ कम भएको छ। यस वर्ष धानको उत्पादन घट्न सक्ने कृषि ज्ञान केन्द्र सिरहाको अनुमान छ।

## *बल्ल फुकुवा...*

जग्गा दर्ता गर्ने कार्य भइरहेको छ। वडा नम्बर २, ३, १६ र १७ को विभागीय जाँच बाँकी रहेकाले पुर्जा वितरण भएको छैन।

वडा नम्बर १८, २० र २१ स्रेस्ता तयार गरी मालपोत कार्यालयलाई बुझ्न पत्राचार गरेको छ।'हाम्रो काम नाप नक्सा गरी जग्गाधनी प्रमाण पुर्जा बनाएर उपलब्ध गराउने हो। हामीले व्यक्तिहरूलाई पुर्जा वितरण गरेर मालपोत कार्यालयलाई स्रेस्ता बुझाएका छौं,' नापी कार्यालय प्रमुख लालबाबु यादवले भने, 'स्रेस्ता कार्यान्वयन ल्याउने काम मालपोतको हो। त्यही नभएर यहाँका जनताहरू मारमा परेका थिए। अब मन्त्रीस्तरीय निर्णय आएपछि सहज भएको छ। काम अगाडि बढ्ने विश्वास बढेको छ।' मालपोत कार्यालयले तीव्र रूपमा सूचना जारी गरेर जग्गा स्रेस्ता इन्ट्री गरी कार्यान्वयनमा ल्याउनुपर्ने उनले सुनाए।

जग्गाको स्रेस्ता इन्ट्री गर्ने कार्य भइरहेको मालपोत कार्यालयका अधिकृत अर्जुनकुमार मण्डलले जानकारी दिए। 'कार्यालय प्रमुख बाहिर हुनुहुन्छ। मन्त्रालयबाट परिपत्र आइसकेको छ। उहाँ आएपछि गाउँ ब्लक जग्गाको स्रेस्ताको काम कसरी अगाडि बढाउने कुरा हुन्छ,' अधिकृत मण्डलले भने, 'केही स्रेस्ता बुझ्न नापी कार्यालयबाट पनि ताकेदा आएको छ। हाकिम साब आएपछि सूचना जारी गरेर कार्यान्वयन काम हुन्छ। लहान नगरपालिका भरिका हजारौं परिवारमा गाउँ ब्लक जग्गाको समस्या रहेको उनले बताए। ६ हजारभन्दा बढी हुने उनको अनुमान छ। नापीबाट आएको स्रेस्ता गिन्ती गर्न नसकेको उनको भनाइ छ।'वार्तापछि नगरपालिकाबाट स्रेस्ता इन्ट्री गर्न कम्प्युटर, प्रिन्टिरलगायत उपकरण र जनशक्ति दिने सहमति भएको थियो। सोहीअनुसार सबै व्यवस्थापन गरिएको छ,' लहान नगरपालिका मेयर महेश चौधरीले भने, 'पटकपटक मन्त्रालय र विभाग धाएर बल्ल काम सुरु भएको छ। अब नगरवासीले जग्गाको समस्याबाट छुट्कारा पाउनेछ।' यस कामलाई अगाडि बढाउन अझै नगरपालिबाट सहयोग गर्न तयार रहेको उनले सुनाए।

**के छ मन्त्रीस्तरीय निर्णयमा ?**

गाउँ ब्लक जग्गाको सम्पूर्ण फुकुवा माग राखेर लहान मालपोत कार्यालयमा आन्दोलन भएपछि कार्यालयले गत असार २२ गते विभागसँग यससम्बन्धी राय सुझाव मागेका थिए। विभागले साउन ५ गते मन्त्रालयमा सोही बेहोराको पत्र पठायो। मन्त्रालयले गाउँ ब्लक जग्गासम्बन्धी जग्गा (नाप जाँच) ऐन, २०१९, गाउँ ब्लक क्षेत्रको नापजाँचसम्बन्धी निर्देशिका, २०७७ तथा अन्य प्रचलित कानुनको परिधिमा रहेर सरकारी, सामुदायिक र सार्वजनिक जग्गा पूर्ण संरक्षण हुने गरी काम गर्न ६ बुँदे निर्णय गरेको छ ।

**निर्णय : १**

साबिकको गाउँ ब्लकभित्र परी साबिकदेखि नै तिरो भरो भएका, बहाल बिटौरीको लागतभित्र नपरेका, मालपोत कार्यालय र सम्बन्धित जग्गाधनीसँग भएका लगत प्रमाणका आधारमा भिडाइ हेर्दा उक्त जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुनयोग्य स्ववासी प्रकृतिको जग्गा देखिएमा नापी गोश्वारा/नापी कार्यालयबाट नाप नक्सा भई तयार भएको जग्गाधनी प्रमाण पुर्जा/दर्ता स्रेस्ता कार्यान्वयनमा ल्याउने।

**निर्णय : २**

कार्यान्वयनका क्रममा व्यक्ति–व्यक्तिबीच तेरोमेरोसम्बन्धी विवाद परेमा सोसम्बन्धी सम्पूर्ण मिसिलसहितको कागजात सम्बन्धित नापी कार्यालयमा पठाउने। सम्बन्धित नापी कार्यालयबाट तेरोमेरोसम्बन्धी विवाद समाधान गरी पठाएमा नापी गोश्वारा/नापी कार्यालयबाट नाप नक्सा भई तयार भएको जग्गाधनी प्रमाण पुर्जा/दर्ता स्रेस्ता कार्यान्वयनमा ल्याउने।

**निर्णय : ३**

साविकको गाउँ ब्लकभित्र रही बहाल बिटौरीको लगतभित्र परेका जग्गा नापी गोश्वारा/नापी कार्यालयबाट नाप नक्सा भई व्यक्ति विशेषका नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा/दर्ता स्रेस्ता तयार भएको रहेछ भने हाललाई त्यस्ता प्रकृतिका जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा/दर्ता स्रेस्ता कार्यान्वयन नगरी उक्त जग्गाको एकमुष्ट रूपमा विस्तृत विवरण र सोसम्बन्धी समस्या समाधानको उपायसहित यस मन्त्रालयमा लेखी पठाउने।

**निर्णय : ४**

साबिकको गाउँ ब्लकभित्र रही बहाल बिटौरीको लगतभित्र परेका जग्गा व्यक्ति विशेषबीच खरिदबिक्री वा धितो बन्धकी वा नामसारी वा जुनसुकै प्रकारबाट स्वामित्व हस्तान्तरण भएको प्रमाण वा अन्य कारण जनाई वा नजनाई नापी गोश्वारा/नापी कार्यालयबाट नाप नक्सा भई व्यक्ति विशेषका नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा/दर्ता स्रेस्ता तयार भएको रहेछ भने हाललाई त्यस्ता प्रकृतिका जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा/दर्ता स्रेस्ता कार्यान्वयन नगरी उक्त जग्गाको एकमुष्ट रूपमा विस्तृत विवरण र सोसम्बन्धी समस्या समाधानको उपायसहित यस मन्त्रालयमा लेखी पठाउने।


**निर्णय : ५**

व्यक्ति विशेषले दाबी नगरेको वा माग दाबी गरे तापनि माग दाबी नठहर्ने प्रकृतिका जग्गाको हकमा नापी गोश्वारा/नापी कार्यालयबाट नाम नक्सा गर्दा नेपाल सरकारका नाममा जग्गाधनी प्रमाण पुर्जा/दर्ता स्रेस्ता तयार भएको रहेछ भने सोहीबमोजिम र कुनै जग्गा नापजाँच भएको तर, जग्गाधनी प्रमाण पुर्जा/दर्ता स्रेस्ता तयार गर्न बाँकी रहेछ भने प्रचलित कानुनबमोजिमको रित पूरा गरी उक्त जग्गा नेपाल सरकारका नाममा कायम गर्ने।

**निर्णय : ६**

स्रेस्ता कार्यान्वयनको सिलसिलामा कुनै विवरण बुझ्नुपर्ने वा स्पष्ट हुनुपर्ने भएमा मालपोत कार्यालयले सम्बन्धित स्थानीय तह वा वडा कार्यालय र नापी कार्यालयसँग राय तथा स्थलगत सरजमिन सहितको किटानी सिफारिस माग गर्न र आवश्यकताअनुसार उक्त कार्यालयको प्रतिनिधिसमेत सम्मिलित टोली गठन गरी स्थलगत प्रतिवेदन लिन सक्नेछ।

# 'शिक्षा सुधारमा मधेश सरकार अघि बढेको छ'




धर्वेन्द्र झा

जनकपुर, ३ भदौ। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकार मधेश प्रदेशमा शिक्षा सुधारका अवधारणाका साथ अघि बढेको बताउनुभएको छ। मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयले मंगलबार जनकपुर धाममा आयोजना गरेको एसइई परीक्षा २०८१ मा मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरी गरी पाँच जिल्लाका प्रत्येक स्थानीय तहबाट उत्कृष्ट नतिजा ल्याउन सफल छात्र र छात्राहरूलाई साइकल वितरण कार्यक्रममा उहाँले यस्तो बताउनुभयो।

उहाँले दिनानु दिन शिक्षाको स्तर खस्किँदै गएको मधेश प्रदेशको शिक्षाको गुणस्तर सुधारका लागि विद्यार्थी, शिक्षक, अभिभावक र सम्बन्धित सरोकारवाला सबैलाई अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँले यस वर्ष एसइईमा मधेश प्रदेशको कमजोर रिजल्टका बावजुद उत्कृष्ट रिजल्ट ल्याउन सफल भएका विद्यार्थीलाई अगामी दिनको उज्ज्वल भविश्यको कामनाका साथ बधाई दिनुभयो। मुख्यमन्त्री सिंहले राष्ट्रलाई आगामी दिनमा कसरी अघि बढाउने विषयको अभिभारा पनि यहाँहरूको काँधमा आउन सक्ने भन्दै राष्ट्रको समृद्धि र विकासमा योगदान दिन पनि आग्रह गर्नुभयो।

उहाँले विगतमा मधेश प्रदेशको शिक्षाको स्तरको देशभरी आफनो छुट्टै पहिचान रहेको थियो भन्दै त्यो पहिचान पुनः कायम गर्न आगामी दिनमा प्रदेश सरकारले योजनाबद्ध रूपमा कामकाज अघि बढाउने बताउनुभयो। उहाँले २०७५ सालदेखि मधेश प्रदेश लोकसेवा आयोगले लिएका रिजल्ट पेन्डिङमा रहेको कारण आफूले सरकारको नेतृत्व सम्हाल्दा लोकसेवा आयोग मधेश प्रदेशमा रिक्त रहेको पदाधिकारीको पदपूर्ति गरेको भन्दै आयोगको पदाधिकारी नियुक्ति भएपछि करिब साढे पाँच सय जति कर्मचारीको सिफारिस भएको बताउनुभयो।

उहाँले मधेश प्रदेशमा लोकसेवा आयोगले ५० प्रतिशत महिलाको आरक्षणको व्यवस्था गरे पनि कहिलेकाँही महिला कोटामा आवेदन नपरेपछि कहिलेकाँही महिला कोटाको भ्याकेन्सी खाली जाने गरेको सुनाउँदै लोकसेवाको तयारीसाथ निवेदन दिन महिलालाई उहाँले आग्रह गर्नुभयो। उहाँले सामुदायिक विद्यालयमा आफ्ना छोराछोरीलाई पढाउने अभिभावकले पनि आफ्नो छोराछोरी माथि ध्यान दिएमा शैक्षिक गुणस्तरमा हदैसम्मको वृद्धि हुने भन्दै गुणस्तरीय शिक्षाका लागि सबैको पहल हुन आवश्यक भएको बताउनुभयो।

मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल एसबिआई बैंक लिमिटेडद्वारा संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत मधेश प्रदेशको पाँच जिल्लाका जेहेनदार विद्यार्थीका लागि मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयलाई हस्तान्तरण गरिएको साइकल वितरण गरिएको छ। मधेश प्रदेशको पाँच जिल्लाको स्थानीय तहबाट सिफारिस भएर आएका एकसय ५० जनालाई साइकल वितरण गरिने कार्यक्रम रहेको शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशका शाखा अधिकृत लक्ष्मण रामले जानकारी दिनुभयो। कार्यक्रममा भारतको महाबाणिज्य दुताबास वीरगन्जका प्रमुख देवी सहाय मिना, नीति तथा योजना आयोगका सदस्य डा. शिला मिश्रा, शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशका निमित्त सचिव दिलिप ठाकुरसहितकाको उपस्थिति थियो।

# दोहोरो झडपमा हतियार प्रहार, एक जना घाइते

विराटनगर, ३ भदौ। मोरङको कटहरी गाउँपालिका-३ सहनी टोलमा सोमबार राति दोहोरो झडप भएको छ। झडपका क्रममा हतियार प्रहार हुँदा एक जना युवक घाइते भएका छन्। मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालका अनुसार धारिलो हतियार प्रहारबाट कटहरी-४ का २७ वर्षीय शेख आजम घाइते भएका छन्। घाँटीमा चोट लागेका उनलाई उपचारका लागि विराटनगरको कोशी अस्पताल ल्याइएको थियो। त्यहाँ सम्भव नभएपछि थप उपचारका लागि विराट नर्सिङ रेफर गरिएको छ।

आईसीयूमा उपचाररत आजमको अवस्था मध्यम रहेको चुँडालले बताइन्। उनीमाथि कुन हतियार प्रहार गरिएको हो भनेर यकिन छैन। प्रहरीले अनुसन्धान गरिरहेको छ। चुँडालका अनुसार सोमबार राति आजम र कटहरी-३ का २० वर्षीय विभीषण सहनीबीच विवाद भएको थियो। प्रहरीका अनुसार आजम ८-१० जना युवासहित सहनीसँग झगडा गर्न पुगेका थिए।

त्यसपछि सहनी पक्षका मान्छे भेला भएर आजम पक्षलाई लखेटेको थियो। त्यही क्रममा उनीमाथि धारिलो हतियार प्रहार गरेको पाइएको डीएसपी चुँडालले बताइन्। उनका अनुसार घटनामा संलग्न भएको आशंकामा अन्दाजी २५ वर्षीय कृष्ण सहनी पक्राउ परेका छन्। उनी झगडामा संलग्न भनिएका विभीषणका दाजु हुन्। विभीषणलगायत घटनामा संलग्न अरु फरार रहेको र खोजी तीव्र पारिएको जानकारी डीएसपी चुँडालले दिइन्। घटनामा संलग्नको खोजीका लागि व्यापक प्रहरी परिचालन गरेर विभिन्न कोणबाट घटनाको अनुसन्धान अघि बढाइएको उनको भनाइ छ।

# उपसभामुख रानालाई हटाउने कांग्रेस-एमालेको कदमको विरोध गर्ने प्रतिपक्षी दलहरूको निर्णय

काठमाडौं, ३ भदौ। प्रतिपक्षी दलहरूले उपसभामुख इन्दिरा रानालाई पदबाट हटाउने सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेको कदमको विरोध गर्ने निर्णय गरेका छन्। सिंहदरबारमा बसेको प्रतिपक्षी दलहरूको बैठकले उपसभामुखलाई हटाउने कांग्रेस र एमालेको कदमको विरोध गर्ने निर्णय गरेको हो। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले उपसभामुख रानामाथि पद अनुसारको आचरण नभएको भन्दै हटाउने प्रयास भइरहेकाले त्यसको विरोध गर्ने निर्णय भएको बताउनुभयो।

जनजाति महिला र अन्तर्राष्ट्रियस्तरको पुरस्कार प्राप्त व्यक्तिलाई हटाएर संवैधानिक परिषद्मा प्रतिपक्षको बहुमत भएकाले सत्तापक्षको बहुमत पुऱ्याउन चलखेल भइरहेको उहाँको भनाइ छ। वरिष्ठ उपाध्यक्ष पाण्डेले भन्नुभयो, 'उपसभामुख इन्दिरा रानालाई हटाउन कांग्रेस र एमालेको तर्फबाट हस्ताक्षर अभियान शुरू भइसकेको कुरा सुन्यौं। कांग्रेस र एमालेको यो कदमलाई कुनै हालतमा सम्भव हुन नदिने बैठकले निर्णय गरेको छ।' यस्तै पाण्डेले आफ्नो पार्टीलाई उपसभामुखका लागि कुनै प्रस्ताव नआएको पनि स्पष्ट पार्नुभयो।

# 'सूचनाको हक लोकतन्त्रको आधार स्तम्भ हो'

रवीन्द्र उप्रेती

बर्दिबास, ३ भदौ। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले 'सूचनाको हक' शासकीय पारदर्शीता र लोकतन्त्रको आधार स्तम्भ भएको बताउनुभएको छ। उहाँले अधिकारको रक्षा गर्न, सरकारलाई जवाफदेही बनाउन र लोकतन्त्रको जग सुदृढ पार्न 'सूचनाको हक' को प्रभावकारी कार्यान्वयनको आवश्यकता औंल्याउनुभयो। मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयले मङ्लबार बर्दीबासमा आयोजना गरेको 'सूचनाको हक कार्यान्वयनको अवस्था' सम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लेखीले सो कुरा बताउनुभएको हो।

उहाँले भन्नुभयो, 'सुशासनको परिकल्पनालाई मूर्त रूप दिन, सभ्य समाजको निर्माण गर्न र लोकतन्त्रको अनुभूति गराउन 'सूचनाको हक' बारे गाउँटोलमा बसोवास गर्ने आम नागरिक सुसूचित हुनै पर्छ।' उहाँले पारदर्शिता लोकतन्त्रको आधारस्तम्भ पनि भएकाले सूचनाको हकको प्रभावकारी कार्यान्वयनले मात्र लोकतांत्रिक शासन व्यवस्थालाई सुदृढ र लोक कल्याणकारी बनाउन सकिने धारणा राख्नुभयो। राज्यले प्रवाह गर्ने सेवा सुविधामा जनताको पहुँच बढाउन पनि सूचनाको हकबारे सुसूचित हुनु आवश्यक भएको उहाँले बताउनुभयो।

मन्त्री लेखीले भन्नुभयो 'जवसम्म जनता सूचनाको अधिकारबारे अनभिज्ञ रहन्छन् त्यहाका उपभोक्ता समितिले गरेको विकास निर्माण जनताको हितमा भएको छकि छैन भन्ने प्रश्न उठिरहन्छ।' उहाँले सूचनाको हक र लोकतन्त्रलाई एक अर्काको पुरक भएको बताउँदै यो हकको कार्यान्वयनका लागि सरकारी तहमा चुस्त दुरुस्त अभिलेखको अभाव पनि टड्कारो समस्या भएको औंल्याउनुभयो। यसका लागि तीनै तहका निर्वाचित जनप्रतिनिधिहरू, देशमा क्रियाशील राजनीतिक दलहरू इमानदार र जिम्मेवार नबनेसम्म सूचनाको हकको प्रभावकारी कार्यान्वयन सम्भव नहुने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, 'यसका लागि राजनीतिक प्रतिबद्धता मात्र पर्याप्त छैन। राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, न्यायपालिका लगायत समग्र क्षेत्र मन, वचन र कर्मले जिम्मेवार नबनेसम्म सूचनाको हक कार्यान्वयन हुन सक्दैन।' संविधानले प्रत्याभूत गरेको सूचनाको हकलाई जनतासम्म पुऱ्याउने अर्को दायित्व पत्रकारको पनि भएको उहाँको भनाइ छ। मन्त्री लेखीले भन्नुभयो, 'यो दायित्व निर्वाहमा सञ्चारकर्मीको महत्वपूर्ण भूमिका हुन्छ। तथापि केही अल्छि र 'कपिपेस्ट' पत्रकारका कारण सञ्चारकर्मीको विश्वनीयता र सम्मानभाव क्षयीकरणमा परेको छ।'

यसअघि गोरखापत्र संस्थान मधेश प्रदेश संयोजक धर्वेन्द्र झाले राज्यको उदाशिनताले सूचनाको हक प्रयोगमा विद्यमान बाधा अवरोधको बुँदागत उल्लेख गर्दै सार्वजनिक सूचनामा आम नागरिकको सहज पहुँचका लागि सरकार गम्भीर हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

# रूपनीमा खानेपानीको समस्या

विनय कर्ण

सप्तरी, ३ भदौ। सप्तरीको रूपनी गाउँपालिका-१ मा विगत तीन महिना देखि भएको खानेपानी संकट समाधान हुने भएको छ। गाउँपालिका अध्यक्ष दिनेशकुमार यादव वडामै पुगेर त्यहाँका स्थानीयहरूसँग छलफल गर्दै खानेपानी समस्याको समाधानमा जुटनुभएको हो। रूपनीको वडा १ मा तीन महिनादेखि सबै ट्युबवेल सुकिसकेको छ भने पाँच सयदेखि एक किलोमिटरको दुरी तय गरेर स्थानीयले पानी ल्याउने गरेका छन्। त्यसमा पनि सबैभन्दा बढी प्रभावित त्यहाँको सदा बस्ती भएको हो। सदा बस्तीमा एक सय घरधुरीका करीब पाँचसय जनसंख्या मावि रायपुरको ट्युववेलबाट पानी ल्याएर काम चलाउँदै गरेको स्थानीय सत्यनारायण यादवले बताउनुभयो। "हुन त यो पुरै वडाका सबै ट्युबवेल सुकिसकेको छ तर, सबैभन्दा गम्भिर खानेपानीको समस्या सदा बस्तीमा छ," यादवले भन्नुभयो।

गाउँपालिका अध्यक्ष यादवसँगै राष्ट्रिय कृषक समूह महासंघ नेपाल रुपनी गाउँपालिकाका कार्यक्रम सहायक रामनारायण मेहतासहितको टोलीले वडाको अवलोकन गर्दै स्थानियहरुलाई दुई-तीन भित्र सोलार प्यानल जडानसहितको समर्सियल बोरिङ मार्फत पानी उपलब्ध गराउने प्रतिवद्धता जनाउनुभयो।

महासंघका महतोले दुई दिनभित्र स्थानियलाई खानेपानी उपलब्ध हुने गरी बोरिङ जडानको काम सुरु गर्न लागिएको बताउनुभयो। उहाँका अनुसार बोरिङ सम्पन्न भएपछि बस्तीका सबै घरधुरीलाई सहजै खानेपानी उपलब्ध हुनेछ। गाउँपालिका अध्यक्ष यादवसँग स्थानीयवासीले तत्काल समस्या समाधान भए पनि दीर्घकालीन रूपमा खानेपानी समस्याको समाधान गर्न माग गरेका थिए।

# बिहे गर्ने प्रलोभनमा भारत पुऱ्याइएकी १५ वर्षीय किशोरीको उद्धार

रौतहट, ३ भदौ। सामाजिक सञ्जाल टिकटकबाट चिनजान भई बिहे गर्ने प्रलोभनमा भारतसम्म पुऱ्याइएकी १५ वर्षीय किशोरीलाई पर्सा प्रहरीले सकुशल उद्धार गरेको छ। पर्सा प्रहरी प्रमुख एसपी गौतम मिश्रको निर्देशनमा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका इन्स्पेक्टर प्रकाश थापाको नेतृत्वमा गरिएको प्रयासले घरबाट हराएको १८ औं दिनमा किशोरीलाई सीमाक्षेत्रमा फेला पारिएको हो। गत साउन १२ गते कटहरिया नगरपालिका-४ निवासी सो किशोरीलाई २२ वर्षका युवकले ललाइफकाई मोटरसाइकलमा लगेर भारत पुऱ्याएको परिवारले जनाएको थियो। खोजतलास गर्ने क्रममा अभिभावकले सिसी टिभी फुटेज र टिकटकमा राखिएका फोटोमार्फत खोजी गरेपछि उनी पर्सा-पटेर्वा सुगौली गाउँपालिका-७, रघुनाथपुरसम्म पुगेको पत्ता लागेको थियो।

तर, बालिकाको अवस्था सार्वजनिक हुने बित्तिकै मुस्लिम समुदायका युवकको परिवारले उनलाई रातारात भारतको बिहारस्थित रामनगरमा आफन्तको घरमा लुकाएको अभिभावकले बताएका छन्।

उद्धार गरिएको बालिकालाई प्रहरीले रातोपाटीकर्मी सञ्जय मिश्रा र स्थानीय सञ्चारकर्मी प्रमोद कुमार यादवको रोहबरमा अभिभावकको जिम्मा लगाइएको छ। इन्स्पेक्टर थापाले भने, "बालिकालाई अभिभावकको जिम्मा लगाइएको छ। तर किशोरीलाई भगाउने युवक र उनका परिवारविरुद्ध थप अनुसन्धान जारी छ।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)